# झापा जिल्ला अदालत

## भद्रपुर, झापा

तहसिल शाखा

पत्र संख्या :-२०७६/०७७
चलानी नं :-८/ १०६२६
प्राप्त प.सं. र मिति

फोन नं.४५५०३०,४५५७३१
फ्याक्स :- ०२३-४५५०८९
Website: www.supremecourt.gov.np
**E-mail :-** tahasil.dcjhapa@supremecourt.gov.np
१ नं. प्रदेश, नेपाल

मिति :२०७६/११/०४

विषयः- सुचना प्रकाशन गरिदिने सम्वन्धमा।

**श्री सर्वोच्च अदालत,**
**वेव अपलोड शाखा,**
रामशाह पथ, काठमाडौं।

प्रस्तुत विषयमा यस अदालतबाट सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक गरिएको दशीका कपडाहरुको लिलामको सिलबन्धी बोलपत्र आह्वान सम्बन्धी मिति २०७६/११/०४ को पाना-२ को सूचना यसै पत्रसाथ राखी पठाईएको छ। सम्मानित अदालतको website मा प्रकाशन गरिदिनु हुन सादर अनुरोध छ।

०७६।११।४
..........................
तहसिलदार(शा.अ.)

२. खरिद भएको बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि मिति २०७६/११/१२ गते दिनको २.०० बजेसम्म बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी लाहाछाप गरी तहसिल शाखामा दर्ता गराउनु पर्नेछ। बोलपत्रदाताले आफूले बोल कबोल गरेको अंकको १०% ले हुने रकम यस अदालतको नामको राष्ट्रिय वाणिज्य बैंक, भद्रपुरको धरौटी खाता नं. २२१०२०३००००००० मा राखी भौचर सहितको बोलपत्र पेश गर्नु पर्नेछ।

३. दर्ता भएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको भोलिपल्ट अर्थात मिति २०७६/११/१३ गते दिनको २.०० बजे बोलपत्रदाता र निजको प्रतिनिधिहरु र यस अदालतको प्रतिनिधिहरुको रोहवरमा यस अदालतमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. बोलपत्रमा दर रेट अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

६. म्याद नाघि आएको र रीत नपुगेको र सर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

८. बोलपत्रदाताले सिलबन्दी बोलपत्र पेस गरी छानविन भएपछि प्रथम, द्वितीय र तृतीय छनौट गरी प्रथम हुनेलाई मान्यता दिइनेछ। उक्त प्रथम हुने बोलपत्रदाताले संझौता गर्न नआएमा क्रमशः द्वितीयलाई दिइनेछ। द्वितीय पनि नआएमा तृतीयलाई दिइनेछ। प्रथम र द्वितीयको धरौटी १०% जफत गरिनेछ। बोलपत्र खुली कारवाही भंएपछि बाँकी ९०% रकम धरौटी खातामा जम्मा गरी सोको हुने मूल्य अभिबृद्धि करसमेत तिरी ७ दिन भित्रमा उक्त मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लगिसक्नु पर्नेछ। ७ दिन भित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरिने छ।

९. तपसिलको मालसामानको जम्मा न्यूनतम् मूल्य भन्दा घटि मुल्य लेखि ल्याएमा सो बोलपत्रलाई मान्यता दिइने छैन।

१०. लिलाम भएका कपडा आफ्नै खर्चमा लैजानु पर्नेछ।

११. बोलपत्रदाताले लिलाम हुने जिन्सी मालसामानहरु कार्यालय समयभित्र यस अदालतमा हेर्न सकिनेछ।

१२. बोलपत्र स्विकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ।

१३. यस सम्बन्धी थप कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिने छ।

॥ समाप्त ॥

# झापा जिल्ला अदालत

## भद्रपुर झापा

तहसिल शाखा

फोन नं. :- ४५५०३०, ४५५७३१

फ्याक्स :- ०२३-४५५०८९

e-mail :- tahasil.dcjhapa@supremecourt.gov.np

Website: www.supremecourt.gov.np


## सिलबन्धी बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः-२०७६/११/०४

राजश्व चुहावट मुद्दामा दशी स्वरुप दाखिला हुन आएका यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न ब्लाङ्केट,डसनाको पल्ला, मार्किन कपडा र सुटिङ्गका कपडा हाल जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्न निम्न सर्तहरुको अधिनमा रही इच्छुक नेपाली नागरिक, फर्म, संस्था वा कम्पनीबाट रीतपूर्वकको सिलबन्धी बोलपत्र आह्वान गरिन्छ।

तपसिलः

(क) मालसामान :

| सि.नं. | जिन्सि नं. | सामानको विवरण | परिमाण | ईकाइ | प्रति ईकाई | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १५६१ | ब्लाङ्केट | १४३० | पिस | २०० | २,८६,०००।- | |
| २. | १५६१ | डसना बनाउने कपडा | ११८८.८ | मिटर | ५० | ५९,४४०।- | |
| ३ | १५६१ | मार्किन कपडा | १६३०.५ | मिटर | ५२ | ८४,७८६।- | |
| ४ | १५६१ | सुटिङ कपडा | २५९.६ | मिटर | २४५ | ६३,६०२।- | |
| | | (न्यूनतम् मूल्य जम्मा (१३% मूल्य अभिवृद्धी कर बाहेक) | | | | ४,९३,८२८/- | |

### सर्तहरुः

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि मिति २०७६/११/११ गतेसम्म कार्यालय समयभित्र रु.१,०००/- फिर्ता नहुने राजश्व आर्थिक प्रशासन शाखामा नगदै दाखिला गरी व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्मदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दिई तहसिल शाखामा खरिद गर्न सकिनेछ।